# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४५ | अङ्क ८ | वैशाख २०७८ | अप्रिल–मे २०२१


### बैंकिङ कसुरसम्बन्धी अन्तरक्रिया

## अन्तरनिकाय समन्वय र सहकार्यको आवश्यकतामा जोड



नेपाल राष्ट्र बैंक, कानुन महाशाखाले २०७७ चैत १३ गते काठमाडौंमा 'बैंकिङ कसुरको अनुसन्धान, अभियोजन तथा बैंकिङ सुपरिवेक्षण' विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । महान्यायाधिवक्ता रमेश बडालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंक, महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीका अधिकारीहरूको सहभागिता थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महान्यायाधिवक्ता बडालले बैंकिङ प्रणालीमा देखिएका कसुरलाई नियन्त्रण गर्दै वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । त्यसको निम्ति राष्ट्र बैंक, सरकारी वकिल र नेपाल प्रहरीबीच प्रभावकारी समन्वय एवम् सहकार्य हुनुपर्ने उहाँको धारणा थियो । महान्यायाधिवक्ता बडालले भन्नुभयो, "विगतमा हामीबीच समन्वयको अभावले कुनै समस्या उत्पन्न भएको छ भने त्यसमा सुधार गर्दै अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ ।"

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले बैंकिङ कसुर र सजायसम्बन्धी कानुन जारी भएपश्चात् बैंकिङ कसुरजन्य क्रियाकलापको नियन्त्रणमा मद्दत मिले पनि पछिल्लो समयमा कसुरका नयाँ प्रवृत्तिले चुनौती थपेको बताउनुभयो । त्यसको निम्ति विद्यमान कानुनी व्यवस्थालाई संशोधन र परिमार्जन गर्नुपर्ने धारणा उहाँले राख्नुभयो । "सूचना प्रविधिको विकाससँगै बैंकिङ कसुरका नयाँनयाँ प्रवृत्तिहरू देखिन थालेका छन् । तिनको नियन्त्रणलाई विद्यमान कानुनले समेट्न सकेको छैन । त्यसलै कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने आवश्यकता छ ।"

सो अवसरमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले तीनवटै निकायको पारस्परिक समन्वय र सहकार्यबाट मात्रै बैंकिङ कसुर नियन्त्रणमा उपलब्धि हासिल हुने धारणा राख्नुभयो । हुण्डी र मौखिक माध्यमबाट हुने अन्य कारोबारले वित्तीय प्रणालीमा जोखिम सृजना गरेको उहाँको भनाइ थियो । साथै, सहकारी संस्थाको कारोबारलाई पनि प्रभावकारी नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता क्षेत्रीले औंल्याउनुभयो । कानुन महाशाखाका निर्देशक थानेश्वर आचार्यले उद्घाटन सत्रको समापन मन्तव्य राख्नुभएको थियो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको अध्यक्षतामा सञ्चालित छलफल सत्रमा तीन वटै निकायको तर्फबाट कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले 'बैंक सुपरिवेक्षकको रूपमा नेपाल राष्ट्र बैंकको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले सुपरिवेक्षणको अवधारणा, कानुनी व्यवस्था, सुपरिवेक्षकीय अभ्यास र बैंकबाट भएका

बाँकी पृष्ठ ५ मा

## बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

# प्रणालीगत जोखिमको अवस्था नआओस्: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले बढ्दो कर्जा प्रवाहसँगै संस्थामा आउनसक्ने प्रणालीगत जोखिमप्रति संवेदनशील रहन बैंक तथा वित्तीय संस्थाहरूको ध्यानाकर्षण गराउनुभएको छ ।

बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग सममामयिक बैंकिङ तथा वित्तीय क्षेत्रका विषयमा २०७७ चैत ३१ गते आयोजित भर्चुअल अन्तरक्रियामा गभर्नर अधिकारीले उक्त कुरा बताउनुभएको हो । गत साउनयताको अवधिमा बैंक तथा वित्तीय संस्थाको क्षमताभन्दा झण्डै दुई खर्बले कर्जा बढेको आँकडा प्रस्तुत गर्दै त्यसबाट प्रणालीगत जोखिम आउन सक्नेतर्फ प्रमुख कार्यकारी अधिकृतहरूको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, “साउन महिनायता वित्तीय प्रणालीको क्षमताभन्दा झण्डै दुई खर्ब बढीले कर्जा गएको देखिन्छ । मार्जिन कर्जा २९ अर्बको अतिरिक्त लगानी छ । क्षमताभन्दा बढी लगानीले बैंकिङप्रणालीमा समस्या ल्याउँछ । त्यसप्रति समयमै सजग रहनुस् ।”

राष्ट्र बैंकले तोकेबमोजिम कृषि, ऊर्जा र घरेलु, साना तथा मझौला उद्योगको निम्ति निर्देशित कर्जाको अनुपातलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गभर्नर अधिकारीले निर्देशन दिनुभयो । क्षेत्रगत निर्देशित कर्जाको समष्टिगत गणना हुनुपर्ने माग प्रमुख कार्यकारी अधिकृतहरूले उठाएको सन्दर्भलाई उल्लेख गर्दै उहाँले भन्नुभयो, “निर्देशित क्षेत्रगत कर्जाको निम्ति सामयिक र यथार्थपरक सुझावहरू छन् भने हामी छलफलको निम्ति तयार नै छौं । तर, कुनै बैंक विशेषलाई मर्का पर्‍यो भन्दैमा त्यसमा पुनर्विचार हुन सक्दैन ।”

राष्ट्र बैंकले हालै जारी गरेको प्रिपेड कार्डको सुविधावापतको कारोबारको सम्बन्धमा नजिकबाट निगरानी राख्नसमेत गभर्नर अधिकारीले आग्रह गर्नुभयो । विद्युतीय भुक्तानी कारोबारमा बैंक तथा वित्तीय संस्थाहरूको उत्साहजनक सहभागिता रहेको उल्लेख गर्दै यसलाई अझ व्यापक बनाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । “डिजिटल कारोबारमा जोखिम छ भनेर अलमल गर्नुहुँदैन । जोखिमको व्यवस्थापन गरेर अघि बढ्ने हो । हामीले ‘लेस क्यास सोसाइटी’ बनाउनैपर्छ ।” गभर्नर अधिकारीले भन्नुभयो ।

कोभिड-१९ सङ्क्रमणको जटिल परिस्थितिमा पनि राष्ट्र बैंकको नीतिगत व्यवस्था र बैंकिङ क्षेत्रको सहयोगकै कारण उद्योग र व्यापार क्षेत्रको व्यवसाय निरन्तरता सम्भव भएको उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसको निम्ति बैंक तथा वित्तीय संस्थाहरूलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय प्रणालीमा नीहित जोखिमको व्यवस्थापन गर्दै संस्थागत

सुशासन अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले स्वागत मन्तव्य राख्दै वित्तीय क्षेत्रको स्थायित्व र विश्वसनीय वित्तीय सेवाको निम्ति नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले सहकार्य गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूले कोभिड सङ्क्रमणको दोस्रो लहर सुरु भएको सन्दर्भमा विगतका नीतिगत सहुलियतलाई निरन्तरता दिनुपर्ने, निर्देशित क्षेत्रगत कर्जा तथा पुनरकर्जाको विद्यमान नीतिमा परिमार्जन हुनुपर्ने, संस्थागत करमा सहुलियतको व्यवस्था हुनुपर्नेलगायतका विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । यसरी धारणा राख्नेमा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहाल, प्रमुख कार्यकारी अधिकृतहरू राष्ट्रिय वाणिज्य बैंकका किरणकुमार श्रेष्ठ, कृषि विकास बैंकका अनिल उपाध्याय, नबिल बैंकका अनिलकेशरी शाह, नेपाल बङ्गलादेश बैंकका ज्ञानेन्द्र ढुङ्गाना, नेपाल एसबीआर बैंकका दीपककुमार दे, मेगा बैंकका अनुपमा खुञ्जेली, एनआईसी एसियाका रोशनकुमार न्यौपाने, सिभिल बैंकका गोविन्द गुरुङ, सनराइज बैंकका सुमन शर्मा, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष प्रद्युमन पोखरेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर र नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष वसन्तराज लम्साल हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले अन्तरक्रिया कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अन्तरक्रिया




सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा नियामक निकायहरूसँग २०७७ चैत १७ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रम उद्घाटनका अवसरमा गभर्नर अधिकारीले सम्पत्ति शुद्धीकरण निवारणका निम्ति नियामक निकायहरूको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै त्यसको निम्ति प्रभावकारी पद्धति स्थापित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, “सम्पत्ति शुद्धीकरण निवारणको लागि सबल पद्धति स्थापित गरिनुपर्छ । पद्धति भएन भने निर्धारित गन्तव्यमा पुग्न सकिँदैन ।”

सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी रणनीतिको सफल कार्यान्वयनका लागि सबै नियामक निकायहरूका सामूहिक प्रयास आवश्यक रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो । त्यसको लागि ‘नियामक समन्वय संयन्त्र’को भूमिकालाई सशक्त तुल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो । “सम्पत्ति शुद्धीकरणका सवालमा कुनै किसिमको सहनशीलता वा सम्झौता हुनै सक्दैन । त्यसप्रति नियामक निकायहरू संवेदनशील हुनुपर्छ ।” उहाँले भन्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् राष्ट्रिय समन्वय समितिका संयोजक धनराज ज्ञवालीले सूचक संस्थाहरूबाट पर्याप्त मात्रामा शङ्कास्पद

कारोबारको सूचना र जानकारी प्राप्त नभएको उल्लेख गर्दै त्यसप्रति नियामक निकायहरूको भूमिका सशक्त हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी प्रचलित कानुनी व्यवस्थामा संशोधनका निम्ति विधेयक पेश गरिएको जानकारी उहाँले दिनुभयो । "उक्त विधेयक पारित भएपछि सम्पत्ति शुद्धीकरण निवारणको अभियानमा हामीलाई थप टेवा पुग्ने हाम्रो विश्वास छ ।" उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुङ्गानाले आर्थिक अपराधको प्रवृत्ति बढ्दो क्रममा रहेको उल्लेख गर्दै यसको असर धितोपत्र बजारमा समेत देखिनसक्ने सम्भावना औंल्याउनुभयो । धितोपत्र बजारमा सम्पत्ति शुद्धीकरण जस्ता अपराधलाई निरुत्साहित गर्नका निम्ति बोर्डबाट स्वीकृति दिइएका संस्थाको सुपरिवेक्षण र निरीक्षण प्रक्रियालाई चुस्त र प्रभावकारी बनाइने जानकारी दिनुभयो । वित्तीय जानकारी इकाईका प्रमुख एवम् निर्देशक दीर्घबहादुर रावलले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रपश्चात् छलफल सत्र सञ्चालन गरिएको थियो । सो अवसरमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा नियामक तथा सुपरिवेक्षकीय निकायको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, नेपाल राष्ट्र बैंकका उप-निर्देशक (हाल: अर्थ मन्त्रालय) हरिकुमार नेपालले नियामक निकायबीच समन्वयका क्षेत्र र पारस्परिक मूल्याङ्कनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रमका सहभागीहरूबीच कार्यपत्रमाथि छलफलसमेत भएको थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले अर्थतन्त्रमा अनौपचारिक क्षेत्र हावी हुँदै गएका कारण सम्पत्ति शुद्धीकरण निवारणमा चुनौती थपिएको धारणा राख्नुभयो । सम्पत्ति शुद्धीकरण नियन्त्रणका निम्ति नियामकीय निकायसँगै कार्यान्वयन गर्ने निकायको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक झक्कप्रसाद आचार्यले सम्पत्ति शुद्धीकरण निवारणमा विभागको भूमिकाबारे जानकारी दिँदै पर्याप्त सूचनाको अभावमा कर छलीलाई नियमन गर्न नसकिएको बताउनुभयो । त्यसको निम्ति सूचनाको प्रवाहीकरणमा नियामक निकाय र सूचक संस्थाहरू जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा समिति, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, सहकारी विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयलगायतका नियामक निकायका प्रनिनिधिहरूको सहभागिता थियो । इकाईका उप-निर्देशक प्रियङ्का बस्न्यातले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' सम्पन्न

गभर्नरको कार्यालयले २०७७ चैत १० गते काठमाडौंको नयाँ बानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो ।

'विश्व वित्तीय सप्ताह-२०२१' को अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । बालबालिका र युवाहरूमा वित्तीय शिक्षाको महत्वबारे जागरण गराउने उद्देश्यले आर्थिक सहकार्य र विकास सङ्गठन (ओइसीडी) को समन्वयमा हरेक वर्ष मार्च २२ देखि २८ सम्म विश्वव्यापी वित्तीय सप्ताह मनाउने गरिन्छ ।

कार्यक्रममा डेपुटी गभर्नर तिम्सिनाले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्दै विद्यालय तहका बालबालिका र युवामा वित्तीय ज्ञान अझ महत्वपूर्ण रहेको धारणा राख्नुभयो । मुलुकको समृद्धि र विकासको निम्ति वित्तीय सचेतना र वित्तीय समावेशीकरण आवश्यक रहेको उहाँको धारणा थियो ।




विद्यालयका विद्यार्थीमाझ आयोजित उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय साक्षरताको आवश्यकता र महत्व, बचत, कर्जा, विप्रेषण, लघुवित्त, बीमा, सफा नोट नीति, विद्युतीय कारोबारलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक एवम् विश्वव्यापी वित्तीय सप्ताह समन्वय समितिका संयोजक डा. नेफिल मातङ्गि मास्केले वित्तीय सप्ताहको आधारभूत पक्षबारे जानकारी दिनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक मीना पाण्डे, गभर्नर कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले संक्षिप्त मन्तव्य राख्दै कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सन् २०१२ देखि मनाउन सुरु गरिएको यो सप्ताह १७५ वटा मुलुकका चार करोड बालबालिका तथा युवामाझ पुगिसेकेको छ । विश्वव्यापी वित्तीय सप्ताहको स्थायी नारा 'सिक, बचत गर र कमाउ' रहेको छ भने यस वर्षको नारा 'टेक केयर अफ योर सेल्फ, टेक केयर अफ योर मनि' राखिएको थियो ।

## कर्मचारी संघको महाधिवेशन सम्पन्न

# कर्मचारीको वृत्ति विकासको माग स्वागतयोग्य: गभर्नर अधिकारी

गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकका कर्मचारीको वृत्ति विकास, पेशागत हकहित तथा सेवा सुविधा पुनरावलोकनको विषयमा बैंक व्यवस्थापन सकारात्मक रहेको धारणा व्यक्त गर्नुभएको छ ।

२०७७ चैत २० गते बैंक परिसर बालुवाटारमा आयोजित नेपाल राष्ट्र बैंक कर्मचारी संघको आठौं महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले सो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "कर्मचारीको वृत्ति विकास र सेवा सुविधाको विषयलाई लिएर सबै कर्मचारी युनियनबाट हामीले माग पत्र प्राप्त गरेका छौं। यसप्रति हामी सकारात्मक छौं। व्यवस्थापन र युनियनको आपसी छलफलबाट यो विषय टुङ्ग्याउन हामी तयार छौं ।" तर, युनियनका स्वार्थप्रेरित मागलाई भने प्राथमिकतामा राख्न नसकिनेसमेत उहाँले स्पष्ट पार्नुभयो ।

गभर्नर अधिकारीले बैंकलाई सर्वोपरि ठानेर मात्र आफ्ना पेशागत हकहितका मागहरू पेश गर्न कर्मचारी युनियनहरूलाई आग्रह गर्नुभयो । "मुलुकको अर्थतन्त्र र वित्तीय क्षेत्रको विकासको सन्दर्भमा सबैले राष्ट्र बैंकका कामलाई नियालेर हेरेका हुन्छन् । त्यसैले पहिले हामीले बैंकको कार्यलाई शिरमा राख्नुपर्छ ।" उहाँले भन्नुभयो । बैंकको नीतिगत व्यवस्थाको तर्जुमामा कर्मचारी युनियनहरूको भूमिका महत्वपूर्ण रहने धारणा गभर्नर अधिकारीको थियो ।




कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले व्यवस्थापन र कर्मचारी युनियन एक अर्काको परिपूरक रहेको उल्लेख गर्दै दुवै पक्षको सहकार्यबाट बैंकको लक्षित उद्देश्य प्राप्तिमा सफलता हासिल हुने बताउनुभयो । अर्का डेपुटी गभर्नर बमबहादुर मिश्रले कर्मचारी युनियनहरू व्यवस्थापनको मार्गदर्शन रहेको उल्लेख गर्दै कोभिड-१९ संक्रमणको उच्च जोखिममा समेत कर्मचारीकै सहयोगबाट बैंकको नियमित कार्य सञ्चालनलाई सूचारु राख्न सकिएको धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका पूर्व अध्यक्षद्वय प्रेमप्रसाद पाण्डे र विश्वनाथ प्याकुरेलले महाधिवेशनको शुभकामना मन्तव्य राख्नुभयो । संघका महासचिव गोविन्दप्रसाद भण्डारीले संस्थाको साङ्गठनिक गतिविधिबारे जानकारी दिनुभएको थियो ।

यसैबीच, संघको महाधिवेशनबाट रुद्रप्रसाद तिम्सिनाको अध्यक्षतामा १८ सदस्यीय नयाँ केन्द्रीय समिति निर्वाचित भएको छ । संघको उपाध्यक्षमा पदमराज जोशी र उमाकान्त थपलिया, महासचिवमा शंकरप्रसाद भट्टराई, सचिवमा गीता पोखेल लम्साल र कृष्णप्रसाद खराल, कोषाध्यक्षमा डिल्लीराज आचार्य र सह-कोषाध्यक्षमा शारदा लोहनी निर्वाचित हुनुभएको छ । यसै गरी, सदस्यमा रामहरि घिमिरे, निरज दाहाल, रमेश खतिवडा, बिमल केसी, तुलसीराम बानियाँ, मञ्जुकुमारी न्यौपाने, स्मृती बराल, रोजी थापा मगर, प्रकाश श्रेष्ठ र भाष्करमान श्रेष्ठ निर्वाचित हुनुभएको संघले जनाएको छ ।

## *बैंकिङ कसुरसम्बन्धी अन्तरक्रिया ... ... ...*

कारवाहीबारे चर्चा गर्नुभयो ।

प्रहरी नायब महानिरीक्षक एवम् केन्द्रीय अनुसन्धान ब्यूरोका निर्देशक सहकुल बहादुर थापाले 'बैंकिङ कसुरसम्बन्धी अनुसन्धान अनुभव, समस्या तथा सुधार गर्नुपर्ने विषयहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले ब्यूरोबाट हुने बैंकिङ कसुरको अनुसन्धान प्रक्रिया, कसुरजन्य क्रियाकलाप, बैंकिङ कसुरको अनुसन्धानमा देखिएका समस्या र समाधानका उपायबारे चर्चा गर्नुभयो । कार्यक्रममा सहन्यायाधिवक्ता ध्रुवकुमार चौहानले 'बैंकिङ कसुर तथा बैंकिङसम्बन्धी अन्य प्रचलित कानुनअन्तर्गतका कसुरको अभियोजनसम्बन्धी अनुभव, सोमा देखिएका समस्या, गर्नुपर्ने सुधार र अन्तरनिकायगत समन्वय' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा बैंकिङ कसुरसम्बन्धी बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण, कसुरका जाहेरी, अनुसन्धान, अभियोजन प्रक्रियाका विषयमा सहभागीहरूबीच विस्तृत छलफल भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रमा समापन मन्तव्य राख्दै बैंकिङ कसुरका विद्यमान कानुनी व्यवस्थामा सुधार गर्दै तीन वटै निकायबीच समन्वय गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कानुन महाशाखाका सहायक निर्देशक सुमन आचार्यले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक डिल्लीराम न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विदेशी मुद्राको प्रिपेड कार्ड जारी गर्न सकिने

नेपाल राष्ट्र बैंकले अनराइनमार्फत विदेशबाट वस्तु तथा सेवा खरिदवापतको भुक्तानी गर्ने प्रयोजनको निम्ति वार्षिक अमेरिकी डलर पाँच सयबराबरको प्रिपेड कार्ड जारी गरी विदेशी मुद्रा सहटी सुविधा दिइने व्यवस्था गरेको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागले एकीकृत परिपत्र-२०७६ को इ.प्रा.परिपत्रः १५/२०७६ मा दफा ७ थप गर्दै उक्त नीतिगत व्यवस्था गरेको हो । विभागद्वारा २०७७ चैत ८ गते जारी सूचना अनुसार 'क' वर्गका वाणिज्य बैंक र राष्ट्रिय स्तरका 'ख' वर्गका विकास बैंकले विभिन्न सर्तहरूको अधीनमा रही विदेशी मुद्राको भुक्तानी गर्न वार्षिक अधिकतम अमेरिकी डलर पाँच सय वा सोबराबरको परिवर्त्य विदेशी मुद्राको प्रिपेड कार्ड जारी गरी विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्नेछन् ।

यसको निम्ति परिवर्त्य विदेशी मुद्राको प्रिपेड कार्ड लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको बैंक खातामा रहेको नेपाली रुपैयाँलाई सटही गरी प्रिपेड कार्ड जारी गर्न सकिनेछ । ग्राहकको अनुरोधमा कार्डमा उक्त दिनको विनिमयदरका आधारमा अधिकतम अमेरिकी डलर पाँच सय वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा जम्मा गर्न सकिनेछ । ग्राहकले एकै पटक वा पटकपटक गरी एक वर्षमा तोकिएको रकम बराबरको विदेशी मुद्रा सटही सुविधा पाउने जनाइएको छ ।

प्रचलित कानुनले प्रतिबन्ध नलगाएका विदेशी वस्तु वा सेवाहरू अनलाइन माध्यमबाट विदेशबाट खरिद गर्न सकिने सुविधा दिइएको छ । एकभन्दा बढी वित्तीय संस्थाबाट यस्तो सुविधा लिन पाइने छैन । यसरी जारी गरिने प्रिपेड कार्डको विवरण र सो कार्डबाट भएको खर्चको विवरण वित्तीय संस्थाले प्रत्येक महिना समाप्त भएको सात दिनभित्र विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नुपर्ने व्यवस्था मिलाइएको छ । प्रिपेड कार्डलाई अनलाइनमार्फत वस्तु तथा सेवा आयातवापतको भुक्तानीबाहेकका पुँजीगत कारोबारको लागि खर्च गर्न तथा एटीएमबाट नगद झिक्न र पीओएसमार्फत कारोबार गर्न रोक लगाइएको छ ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभागको**
**अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने सम्बन्धी सूचना ।**

अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुबाट यस बैंकले तोकेका शर्तहरुको अधीनमा रही वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

# भुक्तानी प्रणाली विभागको निर्देशन

भुक्तानी प्रणाली विभागले आफ्ना ग्राहकको हित संरक्षणको व्यवस्था मिलाउन भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई निर्देशन दिएको छ । विभागले २०७७ चैत १७ गते यस्तो निर्देशन जारी गरेको हो ।

विभागको निर्देशनमा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाले ग्राहक हित संरक्षणको प्रचलित नीतिगत व्यवस्थाको पूर्ण पालना हुने व्यवस्था मिलाउनुपर्ने, सेवाग्राहीको व्यक्तिगत विवरण लिँदा सोको प्रयोजनबारे जानकारी दिनुपर्ने, सुरक्षित कारोबारसम्बन्धी सचेतना गराउनुपर्ने उल्लेख छ ।

साथै, सेवाग्राहीलाई समान र सम्मानजनक व्यवहार गर्नसमेत विभागले निर्देशन दिएको छ । ग्राहकको गुनासो सुनुवाइको निम्ति कम्तीमा १८ घण्टा (बिहान ६ देखि राति १२ बजेसम्म) 'सूचना तथा गुनासो सुनुवाई डेस्क' सञ्चालन गर्न, टोल फ्री नम्बर उपलब्ध गराउन र हटलाइन पोर्टलको व्यवस्था मिलाउनुपर्ने निर्देशनमा उल्लेख छ ।

विभागको निर्देशन अनुसार, भुक्तानी कारोबारमा संलग्न संस्थाले विद्युतीय भुक्तानीसम्बन्धी साक्षरता कार्यक्रमलाई आफ्नो वार्षिक कार्यक्रममा राख्नुपर्ने र वेबसाइटमा समेत यस्ता विषयलाई समेट्नुपर्नेछ । विद्युतीय भुक्तानी सेवाको मर्मतसम्भार, स्तरोन्नति वा अन्य कारणवश अस्थायी रूपमा सेवा बन्द गर्नुपर्ने भएमा कम्तीमा पाँच दिन अगावै पूर्वस्वीकृति लिनुपर्ने र त्यसको जानकारीसमेत दिनुपर्ने निर्देशनमा उल्लेख छ ।

यसै गरी, सो विभागले भुक्तानी कारोबारमा निहित जोखिम व्यवस्थापनका निम्ति आवश्यक आवश्यक व्यवस्था मिलाउन भुक्तानी कारोबारमा संलग्न संस्थाहरूलाई निर्देशन दिएको छ । चैत १७ गते जारी उक्त निर्देशन अनुसार, संस्थाले जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङका लागि जोखिम व्यवस्थापन नीति, प्रक्रिया र संरचना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ ।

जोखिमको प्रभावकारी व्यवस्थापन र आवश्यक नीति नियमको तर्जुमा गर्न छुट्टै जोखिम व्यवस्थापन इकाईको व्यवस्था गर्नुपर्ने, इकाईले सञ्चालक समितिमा जोखिमसम्बन्धी रिपोर्टिङ गर्नुपर्ने र जोखिम व्यवस्थापन अधिकृतको नियुक्त गर्नुपर्ने विभागको निर्देशनमा उल्लेख छ ।

भुक्तानी कारोबारका सम्भावित जोखिमलाई सञ्चालन, तरलता र व्यवसाय जोखिममा वर्गीकरण गरी त्यसको न्यूनीकरणका निम्ति आवश्यक व्यवस्था मिलाउनसमेत निर्देशन दिएको छ ।

# जालीनोट पहिचान तथा नोटकोष सञ्चालनसम्बन्धी अन्तरक्रिया



मुद्रा व्यवस्थापन विभागले २०७७ चैत २४ गते काठमाडौंमा जाली नोट पहिचान, सफा नोट नीतिको प्रभावकारी कार्यान्वयन तथा नोटकोष व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सो विभाग र पोखरा कार्यालयका नोटकोष कारोबारमा संलग्न कर्मचारीसँगै बाग्मती र गण्डकी प्रदेशस्थित कार्यालयको कार्य क्षेत्रभित्रका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका २२ जना कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक नेपालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने निर्देशक अनुज दाहालले स्वागत मन्तव्य राख्नुभयो । विभागका उप-निर्देशक मनोज पोखरेलले नेपाली नोटका सुरक्षण विशेषताहरु र जाली नोट व्यवस्थापन, सफा नोट नीति बारेमा वार्ता प्रस्तुत गर्नुभयो । यसै गरी, विभागका उप-निर्देशकद्वय नवराज तिवारी र बबी के.सी.ले नोटकोष सञ्चालनसम्बन्धी विद्यमान व्यवस्था, समस्या र समाधानका सम्बन्धमा जानकारी दिनुभयो ।

यसै गरी, सो विभागले २०७७ चैत्र २७ गते जनकपुरमा सोही विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा कार्यकारी निर्देशक नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभयो। कार्यक्रममा विभागका निर्देशक नीरा ताल्चाभडेलले नोटकोष सञ्चालनसम्बन्धी विद्यमान व्यवस्था, समस्या र समाधानका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यसै गरी, विभागका उप-निर्देशक मनोज पोखरेलले नेपाली नोटका सुरक्षण विशेषताहरु र जाली नोट व्यवस्थापन, सफा नोट नीति बारेमा जानकारी दिनुभयो ।




कार्यक्रममा नेपाल राष्ट्र बैंकका विराटनगर, जनकपुर र वीरगञ्ज कार्यालयसँगै ती कार्यालयअन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका नोटकोष सञ्चालनसम्बन्धी कार्यमा संलग्न २७ जना कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले स्वागत मन्तव्य राख्नुभयो भने मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक हरि गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गो-एएमएल कार्यान्वयनसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाईले २०७७ चैत्र ३० गते गो-एएमएल कायान्वयनको सिलसिलामा देखिएका समस्या, चुनौती एवम् समाधानका विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

भर्चुअल माध्यममा आयोजित उक्त अन्तरक्रियामा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलसहित इकाइका अन्य कर्मचारी र 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त संस्थाका अनुपालना अधिकृतहरूको सहभागिता थियो ।

सो अवसरमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले गो-एएमएल को कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती एवम् समाधानका विषयमा कार्यपत्र प्रस्तुत गर्दै बैंकहरूबाट प्राप्त शङ्कास्पद कारोबारको विवरण तथा सीमा कारोबारको विवरणमा देखिएका समस्या र तिनको समाधानका लागि संस्थाहरूले चाल्नुपर्ने कदमका बारेमा जानकारी दिनुभयो ।

इकाईका प्रमुख दीर्घबहादुर रावलले गो-एएमएल कार्यान्वयनमा अनुपालना अधिकृतहरूको भूमिकाको महत्वबारे प्रकाश पार्नुभयो । कार्यक्रममा सहभागीले राखेका गो-एएमएलका नीतिगत विषयको जिज्ञासामाथि निर्देशक रावल र उप-निर्देशक श्रेष्ठ तथा प्राविधिक विषयमा सहायक (सू.प्र.) विवेश पोखरेलले जवाफ दिनुभएको थियो ।

इकाईका सहायक निर्देशक प्रतिभा थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी अन्तरक्रिया



पोखरा कार्यालय, २०७७ चैत ६ गते पोखरामा कोभिड-१९ को प्रभावलगायत अन्य समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

पोखरा कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईको अध्यक्षता र पृथ्वी नारायण क्याम्पस, अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. लेखनाथ भट्टराईको आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा गण्डकी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोगका प्रतिनिधिसहित विभिन्न उद्योगी, व्यवसायी, सेवा व्यवसायी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ५१ जनाको सहभागिता थियो ।

कार्यक्रममा पोखरा कार्यालय, अनुसन्धान इकाईका उप-निर्देशक ढुण्डीराज मिश्रले नेपालमा कोभिड-१९ को प्रभावसँगै गण्डकी प्रदेशमा त्यसको प्रभाव तथा मुलुकको समग्र एवम् गण्डकी प्रदेशको वित्तीय स्थितिको परिदृश्य प्रस्तुत गर्नुभयो । कार्यक्रममा अधिकांश सहभागीले कोभिड-१९ का सेवा क्षेत्रसँग सम्बन्धित पर्यटन, होटल, रेष्टुरेन्ट, यातायातलगायतका क्षेत्रमा ठूलो असर परेको उल्लेख गर्दै मौद्रिक नीतिमा उल्लेख भएका पुनरकर्जा र अन्य नीतिगत सुविधाहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, प्रभावित क्षेत्रमा राज्यको तर्फबाट करको दर घटाउनु पर्ने, अन्तर्राष्ट्रिय नाका खुला गरी विदेशी पर्यटकलाई नेपाल प्रवेशपश्चात् क्वारेन्टाइनमा बस्नुपर्ने प्रावधानलाई लचिलो बनाउनुपर्ने जस्ता सुझावहरू दिएका थिए ।

कार्यक्रममा समापन मन्तव्य राख्दै निर्देशक भट्टराईले समग्र आर्थिक गतिविधिबारे जानकारी दिँदै सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो । सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक पुष्कर सुर्खालीले कोभिड-१९ को प्रभावबारे चर्चा गर्दै कार्यक्रमको औचित्य र उपादेयतासहित स्वागत मन्तव्य राख्नुभएको थियो ।

# दाङमा तथ्याङ्क सङ्कलनसम्बन्धी गोष्ठी सम्पन्न

नेपालगञ्ज कार्यालयले २०७७ चैत ११ गते दाङको घोराहीमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक एक दिने गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाको संयोजकत्वमा आयोजित गोष्ठीमा दाङस्थित बैंक तथा वित्तीय संस्था, कृषि ज्ञान केन्द्र, डिभिजन वन कार्यालयलगायत तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका उप-निर्देशक डा. कीर्तिविक्रम दाहालले आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यपत्रमाथि



भएको छलफलका क्रममा निर्देशक नागिला र उप-निर्देशक दाहालले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा निर्देशक नागिलाले प्रभावकारी नीति तर्जुमाको निम्ति भरपर्दो र विश्वसनीय तथ्याङ्क आवश्यक पर्ने उल्लेख गर्दै आवश्यक तथ्याङ्क उपलब्ध गराउन सरोकारवाला संस्थाका प्रतिनिधिहरूसँग अनुरोध गर्नुभयो ।

कार्यक्रममा सहायक निर्देशक राहुल कनोजियाले स्वागत मन्तव्य र प्रधान सहायक डिल्लीराज आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सुर्खेतमा आर्थिक तथा वित्तीय विषयक अन्तरक्रिया



सुर्खेत कार्यालयले २०७७ चैत २४ गते स्थानीय बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूसँग समसामयिक आर्थिक तथा वित्तीय क्षेत्रका विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सुर्खेत कार्यालयका प्रमुख/उप-निर्देशक डा. शालिकराम पोखरेलको संयोजकत्वमा आयोजित कार्यक्रममा सुर्खेतस्थित बैंक तथा वित्तीय संस्थाको प्रदेश तथा शाखा प्रबन्धक, नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश, उद्योगी/व्यवसायी आबद्ध संस्थाका प्रतिनिधि, होटल व्यवसायी संघलगायतका निकायका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदमबहादुर शाही, राष्ट्रिय वाणिज्य बैंकका प्रदेश प्रमुख रामकुमार थापा, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष धनबहादुर रावत, महासचिव लक्ष्मण कँडेललगायतले आर्थिक तथा वित्तीय क्षेत्रका समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । उक्त कार्यक्रमका सहभागीमध्ये अधिकांशले नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयले पनि बैंकका अन्य प्रादेशिक कार्यालयले सरह सेवा प्रवाह गर्नुपर्ने आवश्यकतामा जोड दिएका थिए ।

कार्यक्रममा सर्खेत कार्यालयका प्रमुख पोखरेलले सहभागीले राखेका जिज्ञासाको जवाफ दिँदै कोभिडबाट प्रभावित अर्थतन्त्रलाई गतिशील तुल्याउन नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभएको थियो ।

# ओभरसाइट विनियमावली र म्यानुअल मस्यौदासम्बन्धी गोष्ठी सम्पन्न




भुक्तानी प्रणाली विभागले २०७७ चैत १९ गते काठमाडौंमा 'ओभरसाइट विनियमावली तथा ओभरसाइट म्यानुअल मस्यौदा' सम्बन्धी एक दिने गोष्ठी आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक भुवन कडेलको अध्यक्षता र डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले भुक्तानी प्रणाली विभागको स्थापनादेखि हालसम्म भएका काम कारबाहीको समीक्षा गर्दै ओभरसाइट विनियमावली र सोसम्बन्धी म्यानुअललाई अन्तिम रूप दिन सो गोष्ठी महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका उप-निर्देशकद्वय टेकराज भण्डारी र सौरभ पोखरेलले ओभरसाइट विनियमावली र ओभरसाइट म्यानुअलको मस्यौदाबारे जानकारी दिनुभयो । गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग, कानुन महाशाखा, सूचना प्रविधि महाशाखाका प्रतिनिधि र भुक्तानी प्रणाली विभागका कर्मचारीसहित २५ जनाको सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अस्मिता महतले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# लमजुङ र गोरखामा वित्तीय चेतनासम्बन्धी कार्यक्रम

२०७७ चैतमा लमजुङ र गोरखामा वित्तीय चेतना अभिवृद्धि कायक्रम सम्पन्न भएका छन् । गभर्नरको कार्यालयको समन्वयमा उत्प्रेरणा भलायखर्कले लमजुङको राइनास नगरपालिका-८, तार्कुघाटमा चैत २८ गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय सहकारी संस्थाका सदस्य र स्थानीय सर्वसाधारणको सहभागिता थियो ।




दुई चरणमा आयोजित कार्यक्रमको पहिलो सत्र औपचारिक कार्यक्रम र दोस्रो सत्र वार्ता र व्यावहारिक अभ्यासमा केन्द्रित थियो ।

सो अवसरमा गभर्नरको कार्यालयका सहायक निर्देशक विष्णुप्रसाद फुयालले वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकताबारे आफ्नो धारणा राख्नुभयो । कार्यक्रममा मिलिजुली कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष सूर्यकुमारी अधिकारीले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्दै उक्त कार्यक्रमको आयोजनाबाट स्थानीय सर्वसाधारणलाई वित्तीय सेवाको उपयोगप्रति जागरुक बनाएको धारणा राख्नुभयो ।

दोस्रो सत्रअन्तर्गत उत्प्रेरणा भलायखर्कका प्रशिक्षकद्वय लक्ष्मीप्रसाद घिमिरे र सूर्यबहादुर अधिकारीले फ्लेक्स प्रिन्टमा उल्लेखित वित्तीय सचेतनामुलुक सन्देशहरू प्रवाह गर्नुभयो । उद्यमशीलताको विकास, आयआर्जन, बचत, कर्जा, लगानीका सैद्धान्तिक र व्यावहारिक पक्षबारे सहभागीहरूलाई जानकारी दिइएको थियो । साथै, खेल विधिबाट समेत वित्तीय चेतनाका विभिन्न सन्देश प्रवाह गरिएको थियो ।



यसै गरी, गोरखा जिल्लाको सिरानचोक गाउँपालिका-२, खनालथोकमा चैत २९ गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना भयो । कार्यक्रमको पहिलो सत्र सूर्योदय प्राथमिक विद्यालयका पूर्व प्रधानाध्यापक कृष्णबहादुर खनालको सभापतित्वमा सम्पन्न भयो ।

सो अवसरमा गभर्नरको कार्यालयका सहायक निर्देशक विष्णुप्रसाद फुयालले वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकताबारे आफ्नो धारणा राख्नुभयो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेशबाबु खनालले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने वित्तीय सेवाको सम्बन्धमा यस क्षेत्रका बासिन्दा अनभिज्ञ रहेको उल्लेख गर्दै कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिनुभयो ।

दोस्रो सत्रअन्तर्गतको कार्यक्रममा उत्प्रेरणा भलायखर्कका प्रशिक्षकद्वय लक्ष्मीप्रसाद घिमिरे र कुमार खड्काले वित्तीय सचेतनामूलक सन्देशहरू प्रवाह गर्नुभयो । साथै, खेल विधिबाट समेत वित्तीय चेतनाका विविध पक्षबारे जानकारी दिइएको थियो । सहायक निर्देशक फुयालले कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ चैत १ देखि १३ गतेसम्म नवनियुक्त अधिकृत तृतीय (सहायक निर्देशक) पूर्वसेवाकालीन तालिम सञ्चालन गऱ्यो। गभर्नर महाप्रसाद अधिकारीले उक्त तालिमको उद्घाटन गर्नुभएको थियो।

सो अवसरमा बधाई तथा शुभकामना मन्तव्य राख्दै गभर्नर अधिकारीले नवप्रवेशी अधिकृतहरूलाई उच्च मनोबलका साथ तोकिएको कार्यसम्पादन गर्न अभिप्रेरित गर्नुभयो। सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो। केन्द्रका निर्देशक आनन्द पौड्यालले तालिमको आवश्यकता, औचित्य र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो।

तालिम कार्यक्रम समापनमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना (तिम्सिना) र बमबहादुर मिश्रले नवनियुक्त अधिकृतहरूलाई बधाई तथा शुभकामना दिनुभयो। सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले समापन मन्तव्य राख्नुभएको थियो। ३२ वटा सेसनमा सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंक र अन्य निकायका विज्ञ प्रशिक्षकहरूले प्रशिक्षण दिनुभएको थियो। ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको तालिम हलमा सञ्चालित उक्त तालिममा नवप्रवेशी ३५ जना कर्मचारीको सहभागिता थियो।

केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रम संयोजन गर्नुभयो भने सहायक निर्देशक हरिगोविन्द महर्जनले तालिम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, केन्द्रले २०७७ चैत २२ देखि २४ गतेसम्म धनगढी कार्यालयमा 'भुक्तानी तथा फछर्यौट/आरटीजीएस' सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गऱ्यो। भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेलले भुक्तानी प्रणालीको आवश्यकतामाथि प्रकाश पार्दै कार्यक्रमको उद्घाटन गर्नुभयो।

बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले आधुनिक भुक्तानी प्रणालीको विकासक्रमको चर्चा गर्दै भुक्तानीका आधुनिक उपकरणको प्रयोग बढ्दै जाँदा त्यसले नगदरहित कारोबारलाई प्रोत्साहन गर्ने धारणा राख्नुभयो।

सो अवसरमा धनगढी कार्यालयका का.मु.निर्देशक सुशील ज्ञवालीले शुभकामना मन्तव्य राख्नुभयो। केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले भुक्तानी प्रणालीको आवश्यकता र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो।

तालिममा भुक्तानी तथा फछर्यौटसँग सम्बन्धित विभिन्न उपकरण, प्रयोग, विद्यमान कानुनी व्यवस्था तथा आधुनिक युगमा भुक्तानी प्रणालीको महत्वबारे बैंकभित्र तथा बाहिरका प्रशिक्षकद्वारा वार्ता प्रस्तुत गरिएको थियो। उक्त तालिममा बैंकका विभिन्न विभाग तथा कार्यालयका उप-निर्देशक र सहायक निर्देशक गरी जम्मा २४ जना अधिकृतको सहभागिता थियो।

यसै गरी, सो केन्द्रले २०७७ चैत १९ र २० गते नेपालगञ्ज कार्यालयमा सहयोगी कर्मचारीका लागि तालिम सञ्चालन गऱ्यो। तालिममा 'कर्मचारीहरूको आचारसंहिता, काम, कर्तव्य एवम् उत्तरदायित्व' र 'बैंकको छवि उच्च राख्न गर्नुपर्ने काम', 'कार्यालय व्यवस्थापन एवम् सेवा सम्पादनमा प्रभावकारिता', 'कर्मयोग र सकारात्मक सोचका सम्बन्धमा छलफल' विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा विभिन्न विभाग कार्यालयका ३१ जना सहयोगीस्तरका कर्मचारीहरूको सहभागिता थियो।

# वित्तीय ग्राहक संरक्षणका आधारभूत पक्षहरू

डा. रमेश चौलागाई
उप-निर्देशक



**विषय प्रवेश**

दिगो, समावेशी र उच्च आर्थिक वृद्धि हासिल गर्दै आर्थिक समृद्धिको लक्ष्यमा पुग्ने सन्दर्भमा वित्तीय ग्राहक संरक्षणलाई वित्तीय क्षेत्रको समसामयिक एवम् महत्वपूर्ण विषय बनेको छ । वित्तीय क्षेत्र र सेवाको सङ्ख्यात्मक विस्तार, वित्तीय सूचना प्रविधिको तीव्र विकास, वित्तीय सेवाग्राहीको वृद्धि, वित्तीय अपराध र ठगीमा समेत बढोत्तरी, वित्तीय सेवामा प्रतिस्पर्धाको तीव्रता, वित्तीय जोखिममा समेत उल्लेख्य वृद्धि, सम्पत्ति शुद्धीकरणका प्रयासमा वृद्धि, अनौपचारिक र गैरकानुनी वित्तीय क्रियाकलापमा समेत वृद्धि, आदिका कारण वित्तीय सेवाको विकास सँगसँगै बेरोजगारी, गरिबी र असमानता न्यूनीकरणका प्रयासमा चुनौतीहरू थपिँदै गएको छ । यस अवस्थामा वित्तीय सेवाग्राहीलाई वित्तीय शिक्षा प्रदान गर्ने, वित्तीय सेवाको लागत कटौती गर्ने, वित्तीय पहुँच बढाउने कार्यका साथै वित्तीय सेवाग्राहीको हित संरक्षण गर्ने कार्यलाई सँगसँगै अघि बढाउनुपर्ने देखिएको छ। वित्तीय सेवाका ग्राहक संरक्षण गर्ने कार्यलाई विभिन्न मुलुकमा व्यवस्थित गरिए पनि नेपालमा भने योसम्बन्धी कानुन बन्न बाँकी नै छ । यद्यपि, नेपाल राष्ट्र बैंकबाट यस सम्बन्धमा विभिन्न समयमा बैंक तथा वित्तीय संस्थालाई विभिन्न निर्देशनका अतिरिक्त 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' जारी गरिएको छ ।

वित्तीय सेवाग्राहीको बढ्दो संख्या, वित्तीय प्रविधिको विकास, वित्तीय सेवाको विस्तार जस्ता कारणले नेपालमा वित्तीय ग्राहक संरक्षणको सम्भावना बढ्दो छ । साथै, अनौपचारिक वित्तीय सेवा प्रवाहमा आएको तीव्रता, बैंक तथा वित्तीय संस्थाको प्रतिस्पर्धा, अपर्याप्त वित्तीय पहुँच, कमजोर वित्तीय साक्षरता र समावेशिता, प्रतिव्यक्ति आयमा आएको वृद्धि आदिले वित्तीय ग्राहक संरक्षणको आवश्यकतालाई बढाएको छ । यसलाई ध्यानमा राखी नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजनामा वित्तीय ग्राहक संरक्षणलाई महत्व दिइएको छ । वित्तीय साक्षरता, ग्राहक संरक्षणसम्बन्धी कानुनी संरचना विकास र सेवा प्रवाहमा संस्थागत संरचनाको विकासलाई ग्राहक संरक्षणको त्रिभुज मानिन्छ । यस सन्दर्भमा, नेपाल राष्ट्र बैंकले वित्तीय ग्राहक संरक्षणलाई जोड दिन वित्तीय साक्षरता ढाँचा, २०७६ सँगै विभिन्न समयमा एकीकृत निर्देशनहरू जारी गर्दै आएको छ । त्यस्तै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले वित्तीय सेवामा सर्वसाधारण जनताको वित्तीय पहुँच अभिवृद्धि गर्ने र वित्तीय प्रणालीमा जनविश्वास बढाउने उद्देश्य राखेको छ। ग्राहक संरक्षणलाई ध्यानमा राख्दै बैंकले खुद्रा भुक्तानी रणनीति, २०१९ पनि जारी गरेको छ । नेपालमा वित्तीय ग्राहक संरक्षणलाई सेवाग्राहीका सेवाको छनोटमा पहुँच, सेवा छनोटको उपलब्धता, सेवाको लागत तथा मूल्यमा मोलतोल तथा गुनासो गर्ने वातावरण, सेवा उपभोगको स्वतन्त्रता, सेवा उपभोगमा यथोचित मानवीय व्यवहार तथा सम्मान र सेवापश्चात्को प्रत्याभूति आदिको दृष्टिकोणबाट हेर्नुपर्दछ ।

**वित्तीय ग्राहक संरक्षणका सिद्धान्त**

वित्तीय ग्राहकका रूपमा पुँजी बजार, बैंक तथा वित्तीय संस्था, बीमा व्यवसाय, नागरिक लगानी कोष, मनि चेञ्जर, कर्मचारी सञ्चय कोष आदिका सेवाग्राही, विप्रेषणग्राही, सहकारीका सदस्यहरू आदिलाई लिन सकिन्छ । नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ ले वित्तीय सेवा प्रदायकबाट सेवा लिएका वा लिने वा लिन चाहेका सम्पूर्ण ग्राहकलाई वित्तीय ग्राहक भनी परिभाषित गरेको छ । वित्तीय ग्राहक संरक्षणलाई वित्तीय समावेशिताको अभिन्न अङ्गका रूपमा लिइन्छ भने उपयुक्त संरक्षण नीति तथा कानुन, नीतिको कार्यान्वयन गर्ने संरचनाको प्रभावकारिता, वित्तीय ग्राहकको साक्षरताको अवस्था, वित्तीय समावेशिता र पहुँचको स्तर, सेवा प्रवाहको गुणस्तर, सेवा प्रदायकको सुशासन, पारदर्शिता र जवाफदेहिता आदिले वित्तीय ग्राहकको संरक्षणलाई प्रभाव पार्दछन् । यस अर्थमा वित्तीय ग्राहक संरक्षणको महत्व सीमान्तकृत, न्यून आय भएका, वित्तीय मूल प्रवाहमा समेटिन बाँकी रहेका, न्यून साक्षर, गृहिणीहरू, द्वन्दपीडित एवम् सूक्ष्म, साना तथा मझौला व्यवसायीमा तुलनात्मक रूपमा बढी रहेको छ। वित्तीय सेवा प्रदायकका पारदर्शिता, कानुनी व्यवस्था, प्रतिस्पर्धी वित्तीय लागत एवम् गुणस्तरीय वित्तीय सेवा, वित्तीय सेवामा सबैको समान पहुँच, वित्तीय शिक्षा, पर्याप्त र मागअनुसारको लचिलो वित्तीय सेवालाई वित्तीय ग्राहक संरक्षणको पृष्ठभागका रूपमा लिन सकिन्छ। वित्तीय सेवा उपभोगको दिगोपना र निरन्तरता, बढ्दो ग्राहक सन्तुष्टि, न्यून गुनासोको वातावरण, समयमै ऋण चुक्ता गर्ने प्रवृत्तिमा वृद्धि, प्रविधिको उच्चतम उपयोग, घट्दो लिलामी आदिलाई वित्तीय ग्राहक संरक्षणको अग्रभागका रूपमा लिन सकिन्छ। प्रभावकारी वित्तीय ग्राहक संरक्षणले 'वित्तीय सेवामा सबैको समान पहुँच वृद्धि गर्दै वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने' नेपाल राष्ट्र बैंक ऐन, २०५८ को उद्देश्य पूरा गर्न मद्दत पुग्ने देखिन्छ। यसबाट वित्तीय स्थिरता कायम गर्दै समावेशी आर्थिक वृद्धि तथा विकास हासिलमा टेवा पुग्ने देखिन्छ ।

सन् २००८ मा आएको वित्तीय सङ्कटले निम्त्याएको विश्व आर्थिक मन्दीपश्चात् वित्तीय ग्राहकहरूको संरक्षणको विषय बढी महत्वपूर्ण बनेको हो । यस प्रकारका विभिन्न सङ्कटलाई आधार मानी ग्राहक संरक्षणका गतिविधि प्रारम्भ भएका छन् । अन्तर्राष्ट्रिय रूपमा वित्तीय ग्राहक संरक्षणका विभिन्न सिद्धान्तहरू प्रचलित छन् । जसमा (क) वित्तीय सेवासम्बन्धी कानुनी, नियामक र सुपरिवेक्षकीय संरचना (ख) नियामक र सुपरिवेक्षकीय संरचनाको काम, कर्तव्य र अधिकार, स्रोत, क्षमता र कार्यान्वयन (ग) वित्तीय सेवाको प्रवाहको प्राथमिकता संवेदनशील समूहप्रति

बाँकी पृष्ठ १५ मा

# वित्तीय क्षेत्रको विकास र वित्तीय समावेशिता

✍ अमिष ढुंगेल
सहायक निर्देशक



मुलुकको सर्वाङ्गीण विकासमा वित्तीय क्षेत्रको ठूलो भूमिका हुन्छ । सबल एवम् सुदृढ वित्तीय क्षेत्र बलियो अर्थतन्त्रको एक अपरिहार्य आवश्यकता हो । वित्तीय क्षेत्रलाई प्राथमिकतामा नराखी अर्थतन्त्रमा आशातीत उपलब्धिको अपेक्षा गर्न सकिँदैन । यस सन्दर्भमा वित्तीय क्षेत्र विकासका कार्यक्रमले मूलतः गरिबी निवारणका साथै निश्चित आर्थिक वृद्धिदर हासिल गर्ने उद्देश्य लिएका हुन्छन् ।

यसै गरी, वित्तीय समावेशिताले वित्तीय क्षेत्रको विकासमा योगदान गरी सबल तथा दिगो अर्थतन्त्रको निमार्णमा भूमिका निर्वाह गर्छ । वित्तीय समावेशिताले मुख्यतः गरिबी निवारण तथा समावेशी अर्थतन्त्रको निर्माणमा योगदान गर्दछ । पछिल्लो केही वर्षमा नीति निर्माताहरूले वित्तीय समावेशिता अभिवृद्धिमा उल्लेख्य ध्यान पुऱ्याएको देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको २०१८ को तथ्याङ्क अनुसार विश्वका ६० मुलुकले वित्तीय समावेशितासम्बन्धी ठोस लक्ष्य निर्धारण गरेका छन् भने बाँकी अधिकांश मुलुकहरू पनि वित्तीय समावेशिता हासिल गर्न तत्पर देखिन्छन् । यस लेखमा वित्तीय क्षेत्रको विकास तथा वित्तीय समावेशिताको सामान्य परिचय दिँदै सोको मापनको बारेमा विवेचना गर्ने जमर्को गरिएको छ ।

**वित्तीय क्षेत्रको विकास**

जोखिम व्यवस्थापन, स्रोतको परिचालन र एकीकरण, मूल्य निर्धारण, भुक्तानी तथा फछर्चोट आदि वित्तीय क्षेत्रका प्रमुख कार्य हुन् । यी भूमिकाहरू प्रभावकारी रूपमा सम्पादन गर्न सकेमा अर्थतन्त्रको वृद्धि, समानता, तथा गरिबी निवारणमा योगदान पुग्छ ।

वित्तीय क्षेत्रको विकास यसका सरोकारवालाहरूको भूमिकामा निर्भर रहन्छ । बचतकर्ता, ऋणी, नियमनकारी संस्था र तरलता प्रदायकहरू वित्तीय क्षेत्रका प्रमुख सहभागीहरू हुन् र यिनीहरूबीचको पारस्परिक सम्बन्ध तथा कारोबारबाट नै वित्तीय क्षेत्रको विस्तार र विकास निर्देशित हुन्छ । जस्तै; बचतकर्ता आफूले जम्मा गरेको रकम असुरक्षित तवरमा ऋणीलाई दिन सक्दैन र सो अवस्थामा नियमनकारी निकायको आवश्यकता रहन्छ जसले पारदर्शिता कायम राखी बचतकर्ताको रकममा न्यूनतम प्रतिफलका साथै सुरक्षाको प्रत्याभूति गर्छ । विकसित वित्तीय क्षेत्र भएका मुलुकमा पनि समाजको सम्पूर्ण तह र तप्काको जनजीवनलाई नसमेटिएको हुन सक्छ । यसको निम्ति विषेश ध्यान दिन आवश्यक हुन्छ । जस्तै प्रविधिको प्रयोग र नीतिगत व्यवस्थाको माध्यमबाट त्यसरी छुटेको समुदायलाई मूल प्रवाहमा ल्याउन सकिन्छ । वित्तीय क्षेत्रको विकासको नीति तर्जुमा गर्नुपूर्व यसका विभिन्न पाटोको बारेमा जानकारी राख्नु वाञ्छनीय देखिन्छ ।

**१. वित्तीय गहिराइ**

वित्तीय गहिराइले बैंक तथा वित्तीय संस्था तथा वित्तीय क्षेत्रको आकारलाई चित्रण गर्दछ । यसले समग्र वित्तीय क्षेत्रले प्रवाह गरेको कर्जा, सम्पत्ति र दायित्वलाई जनाउँछ । निजी क्षेत्रमा प्रवाहित कर्जा तथा कुल गार्हस्थ्य उत्पादनको अनुपातलाई वित्तीय गहिराइको प्रमुख सूचकाङ्कको रूपमा लिइन्छ । उच्च अनुपातले उच्च वित्तीय गहिराइलाई जनाउँछ । सोबाहेक निम्न सूचकहरूले वित्तीय गहिराइको मापन गर्दछन् ।

| | |
|---|---|
| कर्जा | निजी क्षेत्रमा प्रवाहित कर्जा/कुल गाहस्थ्य उत्पादन |
| सम्पत्ति | गैरबैंक तथा वित्तीय संस्थाको सम्पत्ति/कुल गार्हस्थ्य उत्पादन |
| दायित्व | तरल दायित्व/कुल ग्राहस्थ उत्पादन |
| निक्षेप | वित्तीय क्षेत्रको कुल निक्षेप/कुल ग्राहस्थ उत्पादन, सेयर बजार पुँजीकरण, बीमासम्बन्धी सूचकहरू आदि । |

सामान्यतया वित्तीय गहिराइ हासिल गर्न मुलुकको कानुनी र नियमनकारी संरचना बलियो हुनुका साथै लेखापरीक्षण अभ्यास सबल र भरपर्दो हुनुपर्छ । यसै गरी, नियमनकारी निकायले विवेकशील नियमनमा आधारित रहेर बलियो नियामकीय संयन्त्रको विकास गर्न सकेमा वित्तीय प्रणालीमा जनविश्वास अभिवृद्धि भई वित्तीय गहिराइलाई थप टेवा पुऱ्याउँछ । यीबाहेक विदेशी सहकार्यमा स्थापित बैंक तथा वित्तीय संस्थामार्फत वित्तीय क्षेत्रको आकार बढ्ने, प्रतिस्पर्धी क्षमता वृद्धि भई वित्तीय गहिराइ बढ्ने अध्ययनहरूले देखाएका छन् ।

**२. वित्तीय प्रभावकारिता**

यसै गरी, वित्तीय क्षेत्रको प्रभावकारिता वित्तीय क्षेत्रको विकासको अर्को महत्वपूर्ण पाटो हो । यसअन्तर्गत बैंक तथा वित्तीय संस्थाले आफ्नो सेवा तथा सुविधाहरू प्रवाह गर्ने कौशलता मापन गरिन्छ । वित्तीय क्षेत्रको उच्चतम विकास भएका मुलुकहरूमा वित्तीय मध्यस्थताको खर्च न्यून हुन्छ । यसरी वित्तीय मध्यस्थताको शुल्क न्यून बनाउनु वित्तीय क्षेत्र विकास कार्यक्रमको एक अर्को उद्देश्य हो । गैरब्याज आम्दानी/कुल आम्दानी, कुल ब्याज मार्जिन, खर्च तथा आम्दानीको अनुपात, कर्जा र निक्षेपको ब्याजदरबीचको अन्तर, सम्पत्तिमा प्रतिफल, पुँजीमा प्रतिफल आदि वित्तीय क्षेत्रको प्रभावकारिता मापन गर्ने सूचक हुन् । जस्तै; कुल ब्याज मार्जिन तथा कर्जा र निक्षेपको ब्याजदरबीचको अन्तर धेरै भएमा बैंक तथा वित्तीय संस्थाको मध्यस्यता खर्च उच्च रहेको सङ्केत गर्छ । नेपालमा पनि कर्जा र निक्षेपको ब्याजदरबीचको अन्तर क्रमशः घटाउँदै जानुको उद्देश्य वित्तीय क्षेत्रको प्रभावकारिता अभिवृद्धि गराउनु नै हो ।

**३. वित्तीय समावेशिता र स्थायित्व**

वित्तीय पहुँच, वित्तीय सेवाको प्रयोग र उक्त सेवाको गुणस्तर वित्तीय समावेशिताका तीन अभिन्न अङ्ग हुन् । वित्तीय समावेशिताका लागि वित्तीय पहुँचका साथै ग्राहकले वित्तीय

सेवाको प्रयोग गर्नुपर्ने र त्यसरी उपलब्ध भएका सुविधाहरू ग्राहकको आवश्यकता अनुरूपको हुनुपर्छ । यसरी वित्तीय पहुँच र वित्तीय समावेशिता परस्परमा अन्तरसम्बन्धित तर फरक विषय हुन् ।

वित्तीय पहुँच मापनका लागि विभिन्न सूचकहरूको प्रयोग गरिन्छ । जस्तै; प्रतिदश हजार व्यक्ति एटीएमको संख्या, प्रतिदश हजार व्यक्ति बैंक शाखाको संख्या, प्रतिदश हजार व्यक्ति मोबाइल कारोबार, प्रतिदश हजार व्यक्ति बीमा पोलिसी आदि । यी सूचकहरूले आपूर्ति पक्षको अवस्थालाई चित्रण गर्दछन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले यस्तै विभिन्न सूचकहरू समावेश गरेर सन् २००४ प्रकाशित गर्दै आएको Financial Access Survey लाई अध्ययन गरी कुनै पनि मुलुकको वित्तीय पहुँचको अवस्थाको बारेमा जान्न सकिन्छ ।

यसै गरी, वित्तीय समावेशिताको अवस्थाको चित्रण गर्नका लागि विभिन्न सूचकहरूको प्रयोग गरिन्छ । जस्तै; विश्व बैंकले २०११ देखि तयार गर्दै आएको Global Findex ले १४८ मुलुकको ६० सूचकहरू प्रयोग गरेर बचत, कर्जा, भुक्तानी, जोखिम व्यवस्थापन आदिको अध्ययन गर्दै आएको छ । पछिल्लो संस्करणमा सो प्रतिवेदनले डिजिटल भुक्तानी तथा फिनटेक प्रयोगका आँकडाहरू समेत समावेश गरेको छ ।

देशको बहुसंख्यक जनताले वित्तीय सेवाको प्रयोग गरेमा सो देशको आर्थिक अवस्थासमेत स्थायित्वतर्फ उन्मुख हुन्छ । अतः वित्तीय समावेशिता, वित्तीय क्षेत्र विकास र स्थायित्वको एक अर्काका पुरक हुन् भन्दा अत्युक्ति नहोला । वित्तीय क्षेत्रमा अन्तरनिहित जोखिम व्यवस्थापन गरी स्थायित्व हासिल गर्न सम्पत्तिको गुणस्तर उच्च रहिनुका साथै पुँजीकोष अनुपात, तरलता अनुपात आदि निश्चित सिमाभित्र रहनु आवश्यक छ ।

**अन्त्यमा,**

वित्तीय गहिराइ, प्रभावकारिता, समावेशिताअन्तर्गतका ४६ विभिन्न सूचकाङ्कहरू प्रयोग गरी तयार गरिएको विश्व बैंकको FinStats मार्फत मुलुकको वित्तीय क्षेत्रको विकासको अवस्थाको बारेमा अध्ययन गर्नुका साथै अन्य मुलुकसँग तुलना गर्न सकिन्छ । सामान्यतया उच्च वित्तीय समावेशिता र प्रभावकारिताका साथै वित्तीय स्थायित्व कायम रहेमा फलदायी हुने भए तापनि उच्च वित्तीय गहिराइले भने एक निश्चित सीमापश्चात् जोखिम वृद्धि गर्ने तथ्यलाई सन् २००८ को आर्थिक सङ्कटपछि भएका अध्ययनले उजागर गरेका छन् ।

यसरी वित्तीय क्षेत्रको विकासको अवस्था यकिन गर्न वित्तीय गहिराइ, प्रभावकारिता, समावेशिता तथा स्थायित्वको अवस्थाबारे जानकारी हुनुपर्छ । विश्व बैंकले तयार गरेको FinStats प्रतिवेदन, अन्तर ाष्ट्रिय मुद्रा कोषको Financial Access Survey, G20 मुलुकको लागि तयार गरिने G20 Financial Inclusion Indicators जस्ता अन्तर्राष्ट्रिय निकायका साथै स्वदेशमै विभिन्न निकायहरूले तयार गरेका तथ्याङ्क तथा प्रतिवेदनका माध्यमबाट मुलुकको वित्तीय क्षेत्रको विकासको अवस्था निर्क्योल गर्नुका साथै सोहीअनुसार वित्तीय क्षेत्र विकास अनुकूल नीति तर्जुमा गर्न सकिन्छ ।

# वीरगञ्जको तरकारी तथा फलफूल बजारमा क्यूआर कोड

वीरगञ्जको मीनाबजारस्थित तरकारी तथा फलफूल बजारमा क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबारको सुरुआत भएको छ ।

माछापुच्छ्रे बैंक लिमिटेडको प्रयासमा मीनाबजारमा क्यूआर कोडको थालनी भएको हो । २०७७ चैत ११ गते आयोजित कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगी र वीरगञ्ज कार्यालयका निर्देशक डा. राजनकृष्ण पन्तले क्यूआर कोड प्रणालीको शुभारम्भ गर्नुभयो । सो अवसरमा मीनाबजारका २२ जना व्यवसायीलाई क्यूआर कोड हस्तान्तरण गरिएको थियो ।



कार्यक्रममा वीरगञ्ज महानगरपालिका वडा नं. ६ का अध्यक्ष ध्रुव नेपाल, वडा नं. ८ का अध्यक्ष राजकिशोर गुप्ता, तरकारी तथा फलफुल व्यवसायी संघ, वीरगञ्जका अध्यक्ष विदुर गुलान, नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका उप-निर्देशक राजनप्रसाद अधिकारी, सहायक निर्देशक प्रदीप बानियाँ, वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक राजेशराज पुरी, माछापुच्छ्रे बैंक, वीरगञ्ज शाखाका प्रबन्धक मनिष उपाध्यायलगायतको उपस्थिति थियो ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख सरावगीले कोरोना महामारीको त्रास कायमै रहेको अवस्थामा नगद कारोबारबाट हुनसक्ने सङ्क्रमणको न्यूनीकरणमा क्यूआर कोडबाट हुने भुक्तानी झनै महत्वपूर्ण हुने धारणा राख्नुभयो ।

वीरगञ्ज कायाृलयका निर्देशक डा. राजनकृष्ण पन्तले मुद्रा र भुक्तानी प्रणालीको ऐतिहासिक विकासक्रम, क्यूआर कोड भुक्तानी प्रणालीका अन्तर्राष्ट्रिय परिवेश र नेपालमा विद्युतीय भुक्तानी प्रणालीको अवस्थाको बारेमा प्रकाश पार्नुभएको थियो ।

## वित्तीय ग्राहक संरक्षणका ... ... ...

समतामूलक, इमानदारी र निष्पक्ष रूपमा हुनुपर्ने (घ) वित्तीय सेवा प्रवाह सरल, सहज, यथार्थ, किफायती, छरितो, जोखिमरहित र स्वार्थ नबाझिने किसिमको हुनुपर्ने (ङ) वित्तीय सेवा प्रवाह ग्राहक संरक्षण, सेवाग्राहीको अधिकार, अग्राधिकार, जिम्मेवारी, अवसर तथा जोखिम, सेवासम्बन्धी यथोचित सूचना प्रवाह, सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाइ र कार्यान्वयनको वातावरण, वित्तीय जानकारी प्रवाह आदिमा हुनुपर्ने कुराको प्रत्याभूति (च) कानुनी प्रयोजनबाहेक सेवाग्राहीका व्यक्तिगत सूचनाको संरक्षणको प्रत्याभूति, (छ) सेवा छनोटको वातावरण, प्रतिस्पर्धाको प्रत्याभूति, सेवाको गुणस्तर विकास, सेवाग्राहीलाई सेवा छनोट र तुलनाको यथोचित वातावरण, सेवा प्रवाहको पारदर्शिता, कानुनी व्यवस्थापनको प्रत्याभूति आदि पर्दछन् ।

**वित्तीय ग्राहक संरक्षणका चुनौती र समाधान**

नेपालमा वित्तीय ग्राहकलाई कानुनी परिभाषा दिन बाँकी छ । त्यस्तै, संरक्षणको दायरा, आवश्यकता, सीमा र उद्देश्यलाई पनि निर्धारण गर्न आवश्यक छ । वित्तीय सेवा प्रवाहमा तीव्रता, परिवर्तशीलता र निरन्तरताको पनि कमी छ। वित्तीय सेवाग्राहीको कमजोर वित्तीय साक्षरता, औपचारिक शिक्षा, वित्तीय चेतना र ज्ञानको कमी पनि चुनौतीका रूपमा रहेका छन् । वित्तीय ग्राहक संरक्षण प्रक्रियाले वित्तीय सेवाको लागत बढाउन सक्ने सम्भावना रहेकाले त्यसको व्यवस्थापन र निरन्तरतामा पनि समस्या रहेको छ । वित्तीय ग्राहक संरक्षणले जनशक्ति, सेवा प्रवाहको समय, कानुन, प्रविधि, छुट तथा प्रतिस्पर्धाजस्ता विषय वित्तीय लागतका रूपमा थपिन सक्ने देखिन्छ । सेवा प्रदायकको परम्परागत मानसिकताले ग्राहक संरक्षणलाई दुरगामी प्रभाव पार्दछ। तसर्थ, समग्रमा वित्तीय ग्राहक संरक्षणको दिगो वातावरण सिर्जना गर्ने कार्य चुनौतीपूर्ण छ। वित्तीय सेवामा सबै मानिसको बराबर र यथोचित पहुँचको अभावले पनि ग्राहक संरक्षणमा नकारात्मक प्रभाव पार्ने गर्छ। यथेष्ट कर्जा सूचनाको अभाव र बहुकर्जा प्रणाली पनि वित्तीय ग्राहक संरक्षणका बाधक तत्वहरू हुन्। त्यस्तै, नियामक र सुपरिवेक्षकीय निकायको अलमल, ढिलासुस्ती र सरोकारवालाहरूबीचको समन्वयको अभावले पनि ग्राहक संरक्षणले चुनौतीको सामना व्यहोर्नुपर्ने देखिन्छ । बढ्दो अनौपचारिक वित्तीय क्रियाकलाप, छायाँ बैंकिङ, प्रभावकारी सुपरिवेक्षकीय दायराबाहिरका वित्तीय गतिविधि, गैरकानुनी वित्तीय कार्य आदिले पनि वित्तीय ग्राहकको संरक्षणमा चुनौती थप्नेछन् । कर्जा जोड सिद्धान्तको कार्यान्वयन फितलो भएमा पनि ग्राहक संरक्षण कमजोर हुन जान्छ । यी चुनौतीको सामना गर्न कानुनी र संस्थागत संरचनाको विकास हुन आवश्यक छ।

**निष्कर्ष**

आर्थिक उदारीकरणको तीव्रतासँगै वित्तीय क्षेत्रको बढ्दो प्रतिस्पर्धाका कारणले वित्तीय सेवाग्राहीलाई सेवा प्रवाहप्रति समानता, सामूहिकता, समता, अपनत्व, शोषणविहीनताको अनुभूति भने हुन नसकेको गुनासो छ। वित्तीय सेवाग्राही मूलतः आफ्नो पैतृक सम्पत्ति, व्यक्तिगत आम्दानी र ऋणबाट प्राप्त रकमलाई बढी आम्दानी हुने गरी लगानी गर्न, उपभोग्य खर्च व्यवस्थापन गर्न र बचत वा सञ्चय गर्न, सटही गर्न, सम्पत्ति स्थानान्तरण गर्न आफ्नो ज्ञान, क्षमता र प्राथमिकता अनुसारका वित्तीय व्यवहार गर्न व्यस्त हुन्छन् । यसर्थ, वित्तीय ग्राहक संस्थागत र असंस्थागत दुवै हुनसक्ने देखिन्छ। नेपालको वित्तीय क्षेत्रमा सेवाग्राहीको संरक्षण महत्वपूर्ण विषय हुनुका साथै पछिल्लो समयमा यसको गति बढ्दो क्रममा रहेको छ। यद्यपि, नेपालमा वित्तीय ग्राहकको पहिचान र परिभाषित हुन आवश्यक छ । वित्तीय सशक्तीकरणले सेवाग्राहीलाई संरक्षण गर्न मद्दत गर्दछ। वित्तीय ग्राहकको सशक्तीकरणका लागि वित्तीय शिक्षा, समान व्यवहार, वित्तीय सेवामा सबैको समान पहुँच, समावेशिता वित्तीय सेवाको गुणस्तर, कानुनी संरचना, विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षण, प्रतिस्पर्धी लागत आदिमा समयसापेक्ष सुधार हुन आवश्यक छ । यस सन्दर्भमा, वित्तीय ग्राहक संरक्षण ऐनको आवश्यकता देखिएको छ । वित्तीय सेवाग्राहीको आवश्यकता, वित्तीय साक्षरता, पहुँच तथा समावेशिता र संरक्षण सम्बन्धमा अध्ययन अनुसन्धानको पनि आवश्यकता छ। वित्तीय ग्राहक संरक्षण वित्तीय सेवा प्रदायक संस्था, नियामक तथा सुपरिवेक्षकीय निकाय, सरकार तथा सेवाग्राहीको साझा विषय हो । विषयको महत्व र आवश्यकताका दृष्टिकोणले वित्तीय ग्राहक संरक्षण कार्यको समन्वय, विकास र व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकअन्तर्गत अलग्गै विभाग स्थापना हुन आवश्यक छ।

## प्रवक्तामा कार्यकारी निर्देशक ढकाल



बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) देवकुमार ढकाल २०७७ चैत १० देखि नेपाल राष्ट्र बैंकको प्रवक्ता तोकिनुभएको छ। व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएका ढकालले बैंकका विभिन्न विभाग/कार्यालयको अनुभव हासिल गर्नुभएको छ । कार्यकारी निर्देशक ढकाल २०५४ मङ्सिर २२ गते सहायक निर्देशकको रूपमा बैंक सेवामा प्रवेश गर्नुभएको थियो । प्रवक्ता ढकालको सम्पर्क ठेगाना देहायबमोजिम रहेको छ।

कार्यालय: ४४१०४५ र ४४१९८०५ र ७ (एक्सटेन्सन १०३)
मोबाइल: ९८५१२८२१४०
इमेल: devkumar@nrb.org.np

# बढुवा तथा पदस्थापन

बैंकका विभिन्न विभाग/कार्यालयका नौ जना कार्यकारी निर्देशकहरूको सरुवा भएको छ । २०७७ चैत २ को निर्णयअनुसार उहाँहरूको सरुवा भएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

विभागका अनुसार बैंक सुपरिवेक्षण विभागका मुकुन्दकुमार क्षेत्री वित्त व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका ऋषिकेश भट्ट सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका प्रदीपराज पौड्याल विकास बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभागका डा. गुणाकर भट्ट बैंक सुपरिवेक्षण विभाग, बैंकिङ विभागका नरेश शाक्य राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सुमनकुमार अधिकारी लघुवित्त संस्था सुपरिवेक्षण विभाग, उक्त विभागका डा. प्रकाशकुमार श्रेष्ठ आर्थिक अनुसन्धान विभाग, जनशक्ति व्यवस्थापन विभागका रामु पौडेल विदेशी विनिमय व्यवस्थापन विभाग र संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका रामबहादुर मानन्धर बैंकिङ विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी, जनशक्ति व्यवस्थापन विभागको चैत २ को निर्णयअनुसार हालै प्रधान सहायकमा बढुवा हुनुभएका सात जना कर्मचारीको पदस्थापन भएको छ । जसअनुसार दीपक गौतम सिद्धार्थनगर कार्यालय, सुजन रसाइली र रगेन्द्र साम्बा राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाजः विराटनगर कार्यालय), सुशिला कार्की, झलेन्द्र पोखरेल र रमेश निरौला बैंकिङ विभाग (कामकाजः विराटनगर कार्यालय) र स्मृती बराल बैंकिङ विभाग (कामकाजः बैंक तथा वित्तीय संस्था नियमन विभाग) मा पदस्थापन हुनुभएको छ ।

यसै गरी, चैत ५ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका छ जना निर्देशकहरूको सरुवा भएको छ । जसअनुसार गभर्नरको कार्यालयका रोशनकुमार सिग्देल बैंक सुपरिवेक्षण विभाग, बैंक सुपरिवेक्षण विभागका अनुज दाहाल मुद्रा व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका मुक्तिनाथ सापकोटा गभर्नरको कार्यालय, जनशक्ति व्यवस्थापन विभागका बुद्धराज शर्मा बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका रमेश आचार्य र आर्थिक अनुसन्धान विभागका विज्ञानराज सुवेदी जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

बैंकको चैत ५ को निर्णयअनुसार लघुवित्त संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक युवराज दाहाल गभर्नरको कार्यालय, गभर्नरको कार्यालयका सहायक विमला कुँवर विदेशी विनिमय व्यवस्थापन विभाग र वित्त व्यवस्थापन विभागका रोजिना सिटौला शिवाकोटी गभर्नरको कार्यालयमा सरुवा हुनुभएको छ ।

चैत ८ को निर्णयअनुसार नेपालगञ्ज कार्यालयका सहायक वसन्त जिसी मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) मा सरुवा हुनुभएको छ ।

हालै विभिन्न पदमा बढुवा हुनुभएका कर्मचारीलाई विभिन्न विभाग/कार्यालयमा पदस्थापन गरिएको छ । जसअनुसार वरिष्ठ सञ्चार चालक अकुर श्रेष्ठ सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, सहायक मोनबहादुर मगर विराटनगर कार्यालय, सञ्चार चालकद्वय मुकुन्द नेपाल र नारायण सिटौला सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, कार्यालय सहयोगी (प्रथम) द्वय सरस्वती डङ्गोल र लीलादेवी डोमिनी क्रमशः वित्त व्यवस्थापन विभाग र विराटनगर कार्यालयमा पदस्थापन हुनुभएको छ ।

जनशक्ति व्यवस्थापन विभागको चैत २७ को निर्णयअनुसार विभिन्न विभाग/कार्यालयका छ जना सहायक निर्देशकहरूको सरुवा भएको छ । जसअनुसार वित्त कम्पनी सुपरिवेक्षण विभागका मनोजकुमार थापा बैंकिङ विभाग, बैंकिङ विभागका विद्यामान महतारा आर्थिक अनुसन्धान विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सोमराज नेपाली विदेशी विनिमय व्यवस्थापन विभाग, गभर्नरको कार्यालयका द्रोणबहादुर सिंह राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाज), वित्त व्यवस्थापन विभागका कविता चौधरी विदेशी विनिमय व्यवस्थापन विभाग र बैंकिङ विभागका आदित्य पोखेल गभर्नरको कार्यालयमा सरुवा हुनुभएको छ ।

## कायममुकायम मुकर्रर

मुद्रा व्यवस्थापन विभागका निर्देशक दयाराम शर्मा पंगेनी र जनशक्ति व्यवस्थापन विभागका निर्देशक तुलसीप्रसाद घिमिरे कार्यकारी निर्देशक पदमा कायममुकायम मुकर्रर भई क्रमशः संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग र जनशक्ति व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ । पंगेनी २०५३ सालमा सहायक पदबाट र घिमिरे २०५९ सालमा सहायक निर्देशक पदबाट बैंक सेवा प्रवेश गर्नुभएको हो ।

यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक वासुदेव भट्टराई र आन्तरिक लेखापरीक्षण विभागका अशोककुमार घिमिरे चैत ८ देखि लागू हुनेगरी निर्देशक पदमा कायममुकायम मुकर्रर भई आ-आफ्नो विभागमा पदस्थापन हुनुभएको छ ।

## अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) दोर्जे तामाङले २०७७ चैत १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यसै गरी, कार्यालय सहयोगी (प्रथम) द्वय बैंकिङ विभागका अमृतमान नेपाली र विराटनगर कार्यालयका उषा वाल्मीकीले क्रमशः चैत ४ र १९ देखि अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार